## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैंकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY


## कोरोनाले छेकेन छठ पर्वको उल्लास




पृष्ठ ३ मा



वर्ष-१२ ।। अङ्क : २०० ॥ २०७७ मंसिर ०६ गते शनिबार (23rd Oct. 2020, Saturday) **Pratidin** National Daily मूल्य-रु.५/-


# अन्धुवा खोलाको फोहोरमा छठ पूजा

*बिर्तामोड (प्रस) ।* कोरोना महामारीका कारण यस वर्ष विरीङ नदीमा सामुहिक पूजा नभएपछि बिर्तामोडका कतिपय ब्रतालुहरुले अधुवा खोलाको फोहोरमै छठ पूजा गर्दैछन् । धेरै ब्रतालुहरुले घरआँगनमा कुन्ड निर्माण गरेर छठ पूजा गरिरहेका छन् । तर ,कुन्ड बनाउनका लागि ठाउँ नहुनेहरु दुर्गन्धित अधुवा खोलामा गएर पूजा गर्न बाध्य छन् । बिर्तामोड ३ बिर्ताबजारका धेरै ब्रतालुहरुले फोहोर अधुवा खोलामै पूजाको लागि घाट बनाएका छन् । त्यहाँ २० भन्दा बढी घाट निर्माण गरिएको हो । त्यस्तै सैनिकमोड दक्षिण विराटपोखर जाने अन्धुवा पुलको छेउमा पनि त्यसरी नै ब्रतालुहरुले



अव्यवस्थित रुपमा फोहोरमै छठ पूजा गरिरहेका छन् । त्यहाँ करिव १६ वटा घाट बनाइएका छन् । अन्धुवा खोला दुर्गन्धित बनेपछि बिर्तामोडका ब्रतालुहरु सामूहिक पूजाका लागि बिरीङ नदी गएका हुन् । विगत ७ वर्षदेखि बिर्तामोडबासीहरुले बिरीङमै सामूहिक छठ पूजा गर्दै आएका थिए । यस वर्ष कोरोना महामारीका कारण प्रहरी प्रशासनले अनुरोध गरेपछि बिरीङ नदीमा सामूहिक छठ पूजा स्थगित गरिएको हो । वर्षौदेखि अन्धुवा खोलामा छठ पूजा गर्दै आएकोमा फोहोरमैला र साँघुरो ठाउँका कारण आफूहरुले टाढाको बिरीङ नदी जानु परेको बाध्यता भएको छठ समाज बिर्तामोडका पूर्व अध्यक्ष घनश्याम चौधरीले बताए । उनले घर नजिकको अन्धुवा खोला छोडेर आफूहरुलाई बिरीङ नदीमा जाने रहर नभएको स्पष्ट पारे ।

**खोई अन्धुवा करिडोर ?**

बिर्तामोडको अन्धुवा खोलालाई धेरैले धेरै पटक चुनावी मुद्धा बनाएका छन् । अन्धुवा खोलामा ठूलठूला योजना ल्याउने कुरा आश्वासनमा मात्र सीमित भए । चुनाव जित्नु भन्दा अगाडि र चुनाव जितेपछि बिर्तामोड नगरपालिकाका नगर प्रमुख ध्रुवकुमार शिवाकोटीले पनि अन्धुवा खोलाको लागि करिडोर निर्माण गर्ने धेरै ठाउँमा


❖**बाँकी अन्तिम पृष्ठमा**


# गौरीगञ्जको गेउरिया खोलामा सामूहिक छठ

## धार्मिक आस्थासँग जोडिएकाले नियन्त्रणमा समस्या

*गौरीगञ्ज (प्रस) ।* कोरोना भाइरसको संक्रमणका कारण महामारी फैलिन सक्ने भन्दै जिल्ला प्रशासन कार्यालय झापाले यस वर्ष घर-आँगनमा कुण्ड बनाई पूजाआजा गर्न अनुरोध गरेपनि गौरीगञ्जमा सामुहिक पूजाको आयोजना गरिएको छ ।

खोला, ताल पोखरी, नदीमा गई स्नान गर्दा संक्रमण फैलिन सक्ने भएको हुँदा जलाशयमा पण्डाल बनाई पूजाआजा गर्ने कार्य नगर्न भन्दै प्रशासनले सूचना जारी गरेको थियो । तर, त्यसलाई अवज्ञा गर्दै गौरीगञ्जमा सामूहिक छठ पूजाको आयोजना गरिएको हो ।

जिल्लाका मेची, निन्दा, हडिया, बिरीङ, देउनिया, कमल, कनकाई, अधुवा, माई , रतुवा लगायतका



नदी तथा खोलाहरू सुनसान देखिएपनि गौरीगञ्ज बजार छेउको गेउरिया खोला सजिसजाउ गरिएको छ । त्यहाँ ५० भन्दा बढी घाट निर्माण गरिएका छन् । अघिल्ला वर्षहरूझैं गेउरिया खोलामा सामूहिक छठ पूजा आयोजना गरिएको हो । गौरीगञ्ज बजारमा मैथिली समुदायको बढी बसोबास रहेको छ । अन्य जातिले दशै तिहार पर्व मान्न हुने, टीका लगाउन जान हुने तर आफूहरुले सामूहिक छठ पूजा किन गर्न नहुने उनीहरुको प्रश्न छ । वर्षमा एक पटक आउने पर्व भएकाले कोरोना कहरका बीच पनि सामाजिक दुरी कायम गरेर पर्व मनाउने तयारी गरिएको स्थानीय आशिष यादव बताउँछन् ।

छठ पूजा धार्मिक आस्थासँग जोडिएको विषय भएकाले पनि नियन्त्रणमा समस्या भएको जिल्ला प्रशासन कार्यालय झापाका प्रमुख श्रवणकुमार तिमिल्सिनाले बताए । भीडभाड नगरी र सामाजिक दुरी कायम गरी पूजा गर्नका लागि प्रहरी प्रशासन परिचालन गरिएको उनले बताए ।

छठ पूजा धार्मिक आस्थासँग जोडिएको कारण जनताको भावना बुझेर भीडभाड नगरी सामान्य तवरले पूजा गर्न अनुमति दिएको गौरीगञ्ज गाउँपालिकाका अध्यक्ष


❖**बाँकी अन्तिम पृष्ठमा**


# बिर्तामोड उद्योग वाणिज्य संघको साधारणसभा स्थगित



*बिर्तामोड (प्रस) ।* बिर्तामोड उद्योग वाणिज्य संघको साधारणसभा र निर्वाचन कार्यक्रम स्थगित भएको छ ।

संघका अध्यक्ष कुमार भट्टराईको अध्यक्षतामा बसेको कार्यसमितिको बैठकले साधारणसभा र निर्वाचन स्थगित गर्ने निर्णय गरेको हो । कोरोना भाइरसको बढ्दो संक्रमणको जोखिमलाई मनन गरी जिल्ला प्रशासन कार्यालय झापाको अनुरोध अनुसार कार्यक्रम स्थगित गरिएको अध्यक्ष भट्टराईले बताए । संघका वरिष्ठ उपाध्यक्ष प्रकाश शिवाकोटीका अनुसार गत कात्तिक २८ गते जिल्ला प्रशासन कार्यालयले पत्राचार गरी भीडभाड हुने कार्यक्रम स्थगित गर्न अनुरोध गरेपछि बिहीवार बसेको संघको बैठकले त्यस्तो निर्णय गरेको हो ।

संघको गत असोज ६ गतेको बैठकले मंसीर ७ गते साधारणसभा र पुस ७ गते नयाँ कार्यसमिति चयनका लागि निर्वाचन सम्पन्न गर्ने निर्णय गरेको संघका महासचिव भेषराज भण्डारी प्रशान्तले जानकारी दिए ।

के छ जिल्ला प्रशासनको पत्रमा ?


❖**बाँकी अन्तिम पृष्ठमा**


# गौरादहका दुई बृद्धबृद्धाको कोरोना संक्रमणबाट मृत्यु

*झापा (प्रस) ।* झापाको गौरादहमा दुई जना कोरोना संक्रमितको मृत्यु भएको छ । मृत्यु हुनेमा बृद्ध र बृद्धा छन् । गौरादह नगरपालिका ८ का ७२ वर्षिय शेषलाल राजवंशीको शुक्रबार बिहान ९ बजेतिर नोवेल हस्पिटल विराटनगरमा उपचारका क्रममा मृत्यु भएको हो । ज्वरो आएपछि उनलाई मंसिर ३ गते विराटनगर लगिएको थियो । ती बृद्धको बिहीबार पिसिआर परीक्षण गर्दा रिपोर्ट पोजिटिभ आएको थियो । मृतकको लाशलाई विराटनगरबाट ल्याएर गौरादह ८ स्थित गेउरिया खोलामा अन्त्येष्टि गरिएको नगरपालिकाका स्वास्थ्य शाखाका गोविन्द श्रेष्ठले बताए । गौरादकै अर्का बृद्धाको पनि बिहीबार बेलुका नोवेल हस्पिटलमा मृत्यु भएको छ । गौरादह ७ की ७८ वर्षिया विन्दा राईको मृत्यु भएको हो । मृत्यु हुनुभन्दा अगाडि उनको पिसिआर परीक्षण गरिएकोमा शुक्रबार दिउँसो रिपोर्ट पोजिटिभ आएको हो । गौरादह स्थायी ठेगाना भएपनि ती बृद्धा कमल ५ मा बस्दै आएकी थिइन् । उनको कमल ५ मै नेपाली सेनाले गाढेर अन्त्येष्टि गरेको कमल गाउँपालिकाका स्वास्थ्य शाखाका इन्द्र अर्यालले बताए । योसँगै कोरोना संक्रमणबाट मृत्यु हुनेको सँख्या गौरादहमा १२ र जिल्लामा ९३ पुगेको छ ।

**झापाका २९ जनामा संक्रमण पुष्टि**

झापामा पछिल्लो २४ घण्टाभित्र २९ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । संक्रमितमध्ये १४ जना महिला र १५ जना पुरुष रहेका छन् । जिल्ला स्वास्थ्य कार्यालय


❖**बाँकी अन्तिम पृष्ठमा**


# उर्लाबारीले बारुण यन्त्र ल्याउने

*उर्लाबारी (प्रस) ।* मोरङको उर्लावारी नगरपालिकाले बारुण यन्त्र (दमकल ) ल्याउने भएको छ । उर्लावारी नगरपालिकाले दमकल खरिदका लागि टेण्डर प्रकृया अगाडी बढाएको जनाएको छ । अबका केही दिन भित्रमा नै उर्लावारीबासीहरुले आगलागीका घटनामा तत्काल बारुण यन्त्रको सुविधा पाउने भएका छन् ।

नगरपालिकाले दमकलका लागि चाहिने आवश्यक जनशक्तिका परिपूर्ति गर्न विज्ञापन समेत आव्हान गरिसकेको छ ।

नगरपालिकाले दमकलका लागि सवारी चालक २ जना र अग्नि नियन्त्रक (फायर म्यान ) ४ जना गरी ६ जनालाई करारमा नियुक्ति गर्न विज्ञापन सार्वजनिक गरेको



नगर प्रमुख खडग फागोले जानकारी दिए । नगरपालिकासंग आफनो बारुणयन्त्र नहुँदा आगजनीका घटनामा नजिकको दमक र अन्य पालिकाहरुबाट दमकल मगाउनुपर्ने बाध्यता रहँदै आएको छ ।

लामो दुरीबाट दमकल आउनुपर्दा जनधनको बढी क्षति हुने गरेको छ ।


## आवश्यकता

### डिलरमा सेल्समेन आवश्यकता

**कार्यक्षेत्रहरू**

- ❖ गौरीगंज+झापा दुवै पालिका हेर्ने गरी १ जना (महिला/पुरुष)
- ❖ शिवसतासी + कमल दुवै पालिका हेर्नेगरी १ जना (महिला/ पुरुष)
- ❖ गौरादह+दमक दुवै पालिका हेर्ने गरी १ जना ( महिला / पुरुष)
- ❖ कनकाई+ अर्जुनधारा दुवै पालिका हेर्ने गरी १ जना ( महिला/पुरुष)
- ❖ मे.न.पा+ बुद्धशान्ति दुवै पालिका हेर्ने गरी १ जना (महिला /पुरुष)
- ❖ कचनकवल + बाह्रदशी दुवै पालिका हेर्ने गरी १ जना (महिला/पुरुष)
- ❖ भ.न.पा. +हल्दिबारी दुवै पालिका हेर्ने गरी १ जना (महिला/पुरुष)
- ❖ बिर्तामोड न.पा. हेर्ने गरी १ जना (महिला/पुरुष)
- ❖ Light Driver -१ जना (Licence भएको बिर्तामोड निवासी)

**स्थानिय व्यक्तिले मात्र सम्पर्क गर्नुहोला ।**
**तलबं कमिशन सहित १५ देखि २० हजार सम्म हुनेछ।**

- ❖ सुपर मार्केटका लागि
  ३ जना क्लिनर (महिला)
- ❖ सहकारीको लागि बजार प्रतिनिधि-३ जना

**फर्म भर्ने अन्तिम मितिः २०७७ मंसिर १० गतेसम्म**
**फाइनल अन्तरवार्ताः २०७७ मंसिर ११ गते , बिहान ११ बजे**

**बिर्तामोड-५, कृषिथोक रोड**
**सम्पर्क नं. ९८५२६४०१२३,९८०७९१४१२३, ०२३-५४४८३४**



## आन्तरिक राजस्व कार्यालय भद्रपुरको सूचना

"विकास, समृद्धि र सुशासनः स्वच्छ, पारदर्शी र प्रविधिमैत्री कर प्रशासन" नाराका साथ
**नवौं राष्ट्रिय कर दिवस २०७७, (कर सप्ताह २०७७ मंसिर १-७)**
**भव्यताका साथ सफल पारौं ।**

आर्थिक ऐन , २०७७ को दफा २० अनुसार करको दायरामा आउने, सोही ऐनको दफा २१ अनुसार आय विवरण पेश गरेमा तथा कर विवरण पेश गरेमा, सोही ऐनको दफा २३ अनुसार बक्यौता कर मिनाहा सम्बन्धी विशेष व्यवस्था, र सोही ऐनको दफा २४ बमोजिम शुल्क, थप दस्तुर तथा जरिवाना मिनाहा सम्बन्धी विशेष व्यवस्था गरेको हुँदा सो सम्बन्धमा सम्बन्धीत सरोकारवाला करदाताहरुले मिति २०७७ फागुन मसान्तभित्रमा उल्लेखित पानमा दर्ता, आय विवरण र कर विवरण बुझाएमा उल्लेखित विभिन्न विशेष छुट (स्कीम) सुविधाहरु प्रदान गरेको हुँदा झापा जिल्लामा विगतमा व्यवसाय दर्ता भई आयकर तथा मु.अ.करमा दर्ता नभएका र पानमा दर्ता भई आय विवरण तथा मु. अ.कर विवरण नबुझाएका करदाताहरुले उक्त मितिभित्रमा आन्तरिक राजस्व कार्यालय भद्रपुरमा उपस्थित भई उल्लेखित विवरण र कर विवरण बुझाई विशेष छुट (स्कीम) सुविधाको भरपुर उपयोग गर्नुहुन जानकारी गराइन्छ ।

**आन्तरिक राजस्व कार्यालय**
**भद्रपुर, झापा**



## माता पाथिभरा फर्निचर

बिर्तामोड-७, चारपाने
सो-रुमः कनकाई-१, दुर्गापुर

प्रो. देवी दंगाल ☎ 9841351368, 9806035571








**श्री पिस दराज**
**बक्स पलङ**
**टु पिस दराज**
**सोफा सेटहरु**

लगायत घरायसी सजावटका
सम्पुर्ण फर्निचरका सामानहरु
ग्यारेन्टीका साथ बिक्रि गरिन्छ ।

# उद्योग वाणिज्य महासंघमा प्रदेश -१ मा को बलियो ?

***झापा (प्रस)*** **।** नेपाल उद्योग वाणिज्य महासंघको ११-१३ मंसिरमा काठमाडौंमा हुने साधारणसभा तथा निर्वाचनको माहोल तातिएको छ । मनोनयन समयावधि बिहीबार सकिएपछि उम्मेद्वारहरु आफ्नो पक्षमा मत पार्न जोडतोडका साथ लागेका छन् ।

गत चैतमा हुनुपर्ने महासंघको ५४औं साधारणसभा र निर्वाचन कोभिड-१९ का कारण स्थगित भएको थियो । बिचमा पटक-पटक मिति तोकिए पनि कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि सरकारले जारी गरेका लकडाउन तथा निषेधाज्ञाका कारण साधारणसभा हुन सकेको थिएन ।

वरिष्ठ उपाध्यक्ष नै स्वतः अध्यक्ष बन्ने व्यवस्था अनुसार शेखर गोल्छा महासंघको आगामी अध्यक्ष बन्दैछन् । बाँकी पदहरुमा चुनाव हुँदैछ । वरिष्ठ उपाध्यक्षका लागि महासंघका वर्तमान उपाध्यक्षद्वय चन्द्र ढकाल र किशोर प्रधान चुनावी मैदानमा छन् ।महासंघको वस्तुगत उपाध्यक्षमा वर्तमान उपाध्यक्ष उमेशलाल श्रेष्ठ र अञ्जन श्रेष्ठ भिड्दैछन् भने एशोसिएट उपाध्यक्षमा रामचन्द्र संघई र शौरभ ज्योति तथा जिल्ला नगर उपाध्यक्षमा दिनेश श्रेष्ठ र गुणनिधि तिवारी भिड्ने भएका छन् ।

प्रदेश १ का तर्फबाट उम्मेदवारी दिएका राजेन्द्र राउत र द्विराष्ट्रिय उद्योग वाणिज्य संघका तर्फबाट केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका सन्दीप अग्रवाल निर्वाचित भइसकेका छन् । उनीहरु दुवैले चन्द्र ढकाल समूहबाट उम्मेदवारी दिएका थिए । यसले चुनावको माहोल थप तताएको छ ।

जिल्ला नगर उपाध्यक्ष रहेका प्रधानले आगामी अध्यक्ष शेखर गोल्छा र निवर्तमान अध्यक्ष पशुपति मुरारको समर्थन पाएकाले जित हासिल गर्ने दाबी गरेका छन् । उता ढकालले वास्तविकता हेर्न १३ गतेसम्म कुर्नु पर्ने बताएका छन्,‘ जित त मैले अहिले नै हासिल गरिसकेँ’, उनले भने, ‘औपचारिक घोषणाका लागि १३ गतेसम्म पर्खनुपर्ने बाध्यता छ ।’

गोल्छा र मुरारका उद्योगी-व्यवसायीको राम्रै मत ‘होल्ड’ गर्ने व्यक्तित्व हुन् । यो अवस्थामा कुन प्यानलले जित्छ भनेर आ-आफ्नै तरिकाको अड्कलबाजीहरु भइरहेका छन् ।किशोर प्रधान विराटनगरबाट उदाएका उद्योगी हुन् । बिजुलीको पोलको व्यवसाय गर्ने उनलाई पूर्वमा असल व्यवसायीको रुपमा चिनिन्छ । उनलाई समर्थन गरेका आगामी अध्यक्ष शेखर गोल्छा पनि पूर्वकै हुन् ।तर, प्रधानले आफ्नै क्षेत्रका पनि सबै मत नपाउने अवस्था छ । यसअघि वरिष्ठ उपाध्यक्ष पदमा शेखर गोल्छासँगै हारेका कारण गोल्छा पक्षका सबैले प्रधानलाई भोट नदिने देखिएको छ । विराटनगरकै केही उद्योगी-व्यवसायी ढकालको पक्षमा देखिएबाट पनि यो स्पष्ट भएको छ ।

बिहीबार निर्विरोध निर्वाचित राउतकै कारण पनि प्रदेश- १ को मत बाँडिने देखिएको छ । उदयपुर स्थायी घर भएका राउत विराटनगरका राम्रै व्यवसायी हुन् । हाल प्रदेश -१ कमिटिको उपाध्यक्ष रहेका उनले खुलेरै ढकालको पक्षमा भोट मागिरहेका छन् ।

महासंघको प्रदेश- १ अध्यक्ष नरेन्द्र खड्का भने किशोर प्रधानको पक्षमा उभिएका छन् । चुनावी अभियानकै लागि काठमाडौंमा रहेका उनले आफू प्रधानको पक्षमा रहे पनि पूर्वमा चन्द्र ढकालको नराम्रो नरहेको बताए ।

# इलामको अन्तुमा बिहानैदेखि पर्यटकको चाप



***झापा (प्रस)*** **।** मौसम खुलेसँगै इलामको सूर्योदय नगरपालिकाको पर्यटकीय क्षेत्र श्रीअन्तुमा यति बेला पर्यटकको चाप थामि नसक्नु छ । बिहानै झिसमिसेको देखिने सूर्योदयको पहिलो दृश्य हेर्न देशभरका पर्यटक आउने चर्चित ठाउँ पनि हो श्रीअन्तु । तर, श्रीअन्तुमा आजकाल बिहानै देखिने माहोलले भने कोरोनाको जोखिम बढाउने चिन्ता थपिँदै गएको छ । ८ महिनापछि खुलेको अन्तुमा अधिकांश पर्यटकहरुले न त मास्क लगाएको देखिन्छ न त सुरक्षाको अन्य उपाय नै अबलम्वन गरेको नै पाइन्छ । खुल्लमखुल्ला रमाउनेहरुको लर्कोले अहिले अन्तु तातेको छ । त्यसो त स्थानीय त्रसित छन् । अहिले सूर्योदयको दृश्य हेर्नका लागि बनाइएको भ्युटावरमा खुट्टा टेक्ने स्थान पाइँदैन। टावर प्रवेशका लागि नगरपालिकाले ५० रुपैयाँ शुल्क लिने गरेको छ । टिकट काउन्टरका अनुसार कोरोनाको कहरका बीचमा पनि दैनिक औषतमा ५ सय पर्यटकले अन्तु भ्रमण गर्छन् ।

दैनिक पर्यटकबाट प्रवेश वापत २५ हजारभन्दा बढी शुल्क संकलन गर्ने नगरपालिकाले आगन्तुकहरुका लागि मास्कको व्यवस्थापन अहिलेसम्म गर्न सकेको छैन् । सेनिटाइजर राख्ने गरिएको भएपनि माग्नेहरुका लागि मात्र उपलब्ध गराइन्छ । मास्क लगाउन पर्यटकहरुले समेत अटेर गर्ने गरेको टिकट काउन्टरका कर्मचारी दिपेन पुलामी बताउँछन् । ‘मास्क नलगाउनेलाई आग्रह गर्ने गरेका छौ,’उनले भने,‘नजिकैको पसलहरुमा समेत बिक्री गर्न राखिएको छ । माथि टावरमा गएपछि चाहि फोटो खिच्नका लागि पनि फुकाल्छन् होला। हामीलाई टिकट काट्न भ्याइनभ्याइ हुन्छ ।’


**व्यवस्थापनको प्रयास गरिरहेका छौं**

सूर्योदय दृश्यावलोकन गर्ने स्थानमा करोडौंको लगानीले नगरपालिकाले सिगार्ने काम गरेको छ । पर्यटकहरुको सुरक्षालाई ध्यानमा राखेर टावरमुनि सूर्योदय हेर्ने स्थानमा कलात्मक रेलिङ समेत लगाएको छ । धेरै संख्यामा पर्यटकहरु विहानीको सूर्योदय र कञ्चनजंघाको दृश्य हेर्न भेला हुने भएकाले टावरमा नअटाउँदा कतिपयले जमिनबाट नै हेर्ने गरेको छन् । जसका कारणमा श्रीअन्तु क्षेत्रमा सामाजिक दुरी कायम भएको देखिदैन् । अहिले पर्यटनको सिजनलाई ध्यानमा राखेर नगरपालिकाले होटल र होमस्टे संचालनको लागि अनुमति दिएपनि सुरक्षाको व्यवस्थापन गर्न नसकिरहेको नगर प्रमुख रणबहादुर राईले स्विकार गरे । ‘डिसीएमसी र नगरबीच समन्वय गरेर मास्क र सेनिटाइजरको प्रयोगसँगै भीडभाडलाई कम गराउने प्रयास गरेका छौं । तर पर्यटकहरुको चाप अत्याधिक रहने भएकाले सुरक्षाको व्यवस्थापन गर्न सकेका छैनौं ’ उनले भने । नगरपालिकाले अहिले आफ्नो स्रोत साधन र क्षमतालाई प्रयोग गरेर व्यवस्थापनको प्रयास गरिरहेको जानकारी दिए ।

# पत्रकार खड्कालाई पितृशोक

***गौरादह (प्रस)*** **।** गौरादह निवासी पत्रकार झगेन्द्र खड्कालाई पितृशोक परेको छ ।

उनका ८१ वर्षिय पिता टेकबहादुर



खड्काको बिहीबार दिउँसो ३:१५ बजे गौरादह नगरपालिका २ दहलु वस्तीस्थित आफ्नै निवासमा निधन भएको हो ।

निमोनियाबाट थला परेका खड्कालाई परिवारले ३ दिन अघि दमकस्थित आम्दा अस्पताल र लाईफलाईन अस्पतालमा उपचार गराएका थिए ।

उनका एक श्रीमती टुकमाया सहित चार छोरा रहेका छन् । झगेन्द्र गौरादह ८ स्थित अरूणोदय आधार भूत विद्यालयका प्रधानाध्यापक र नेपाल प्रेस युनियनका सदस्य समेत हुन् ।स्व. खड्काका छोरा बुहारीहरू भक्तबहादुर र चन्द्रमाया, झगेन्द्र र सुशिला, यज्ञ बहादुर र कमला , रामकृष्ण र रेनुका खड्का छन् ।

स्व.खड्काको शुक्रबार बिहान ८:३० बजे स्थानीय किष्ने घाटमा अन्त्येष्टि गरिएको परिवारले जनाएको छ ।

# ब्राउनसुगरसहित मेचीनगरबाट दुई युवा पक्राउ

***झापा (प्रस)*** **।** बिहीबार साँझ झापामा प्रतिबन्धित ब्राउन सुगरसहित दुई युवा पक्राउ परेका छन् ।

साँझ ६ बजे मेचीनगर १५ हेल्दुबारीमा बिशेष सूचनाको आधारमा प्रहरी चौकी ज्यामिरगढीबाट खटिएको प्रहरी टोलीले बा३८प ३८८५ नं.को मोटरसाईकललाई चेकजाँच गर्ने क्रममा मोटरसाइकलमा सवार मेचीनगर १५ ज्यामिरगढी बस्ने २४ वर्षिय बिष्णु राजबंशी र सोही वडाको पानबस्ती बस्ने १८ वर्षिय



सागर पाहानलाई ब्राउनसगुरसहित पक्राउ गरेको हो ।

उनीहरुको साथबाट ११.०६ ग्राम ब्राउनसुगर , नगद एकासी हजार एक सय नेपाली रुपैयाँ , एक सय दश भारतीय रुपैयाँ र मोबाईल थान २ बरामद गरिएको छ । दुवै जनालाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीको लागि इलाका प्रहरी कार्यालय धुलाबारीमा राखिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता राकेश थापाले बताए ।

# फाउण्डेशनलाई पहिलो पाइलाको सहयोग

***दमक (प्रस)*** **।** दमकमा क्रियाशील सामाजिक संस्था पहिलो पाइला नेपालले चितवनमा धुर्मुसी सुन्तली फाउण्डेशनको संयोजकत्वमा जनस्तरबाट निर्माणाधिन अन्तराष्ट्रिय रंगशाला निर्माणका लागि ३० हजार रुपैयाँ सहयोग गरेको छ ।

रंगशाला निर्माणमा सहयोग पुऱ्याउने उद्धेश्यले संस्थाका सदस्यहरुवाट संकलित रकम फाउण्डेशनलाई प्रदान गरिएको अध्यक्ष दिपक खडकाले जानकारी दिए ।

अध्यक्ष खड्कासहित संस्थाका सल्लाहकार एवं पदाधिकारी, सदस्यहरुको टोली शुक्रबार बिहान निर्माणाधिन रंगशालामा पुगेर फाउण्डेशनका अध्यक्ष सिताराम कट्टेललाई सो रकम हस्तान्तरण गरेका हुन् । फाउण्डेशनले जनस्तरबाट सहयोग जुटाएर गरिरहेको सो महत्वपूर्ण काममा सहयोग गर्न पाउँदा संस्थाका सदस्यहरुले खुशी व्यक्त गरेका छन् ।

## गौरादहका ...

झापाका अनुसार दमकका ६ महिला र १ पुरुष, बिर्तामोडका २ महिला र ३ पुरुष, गौरादहका २ महिला र ३ पुरुष, कनकाईका ३ पुरुष, भद्रपुरका १ महिला २ पुरुष , अर्जुनधारामा १ महिला र १ पुरुषमा संक्रमण पुष्टि भएको हो ।यस्तै, कमल र बुद्धशान्ति गाउँपालिकामा १-१ जना महिला र हल्दिबारीमा एक जना पुरुषमा पनि संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

## बिर्तामोड ...

मिति २०७७।०७।१४ गते बसेको डीसीसीएमसी (डिस्ट्रिक कोभिड-१९ क्राइसिस मेनेजमेन्ट सेन्टर) बैठकबाट कोभिड-१९को संक्रमण बढ्दो क्रममा रहेकोले नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्ड अनिवार्य पालना गर्न-गराउन र भीड जम्मा हुने कार्यक्रम, धार्मिक सांस्कृतिक कार्यक्रम, साप्ताहिक, हाट बजार, भेला, छलफल, गोष्ठीको आयोजना नगर्न झापा जिल्लास्थित सम्पूर्ण राजनीतिक दलहरु, सरकारी कार्यालयहरु, उद्योग वाणिज्य संघ, पत्रकार महासंघ, यातायात व्यवसायी, विभिन्न गैरसरकारी संघ-संस्था लगायत आम झापावासी दिदीबहिनी तथा दाजुभाइहरुमा अनुरोध गर्न निर्णय समेत भएको हुँदा भीडभाड हुने क्रियाकलापहरु हाललाई नगर्न-नगराउन हुन आदेश अनुसार अनुरोध छ ।

## गौरीगञ्जको...

बाबुराज श्रेष्ठ बताउँछन् । ‘अन्य वर्ष टेन्ट लगाएर पूजा हुन्थ्यो, यस वर्ष सामान्य मण्डप बनाएर थोरै मानिसहरुको सहभागितामा पूजाको तयारी गरिएको हो’ अध्यक्ष श्रेष्ठले भने । कतिपय स्थानीयले छठ पूजा गर्ने भाकल गर्ने गरेको कारण पनि पूजा गर्न रोक लगाउन समस्या भएको श्रेष्ठको भनाइ छ ।

नदी तथा खोलाको किनारबाटै अस्ताउँदो तथा उदाउँदो सूर्यलाई अर्घ्य दिने धार्मिक परम्परा रहेको छ । अन्य पालिकामा भने संक्रमणका कारण ब्रतालु परिवारजनले घर आँगनमै खाल्डो तथा कुण्ठ बनाएर छठ पूजा मनाउने तयारीमा जुटेका छन् । नदी तथा खोलाहरूमा सामूहिक रुपमा छठ नमनाउन छठ पूजा समितिका अध्यक्षहरू र पालिकाहरूसँग छलफल गरेर यसवर्ष घरमै छठ मनाउन सबैमा अनुरोध गरिएको जिल्ला प्रहरी कार्यालय झापाका एसपी कृष्ण कोइरालाले बताए । चार दिनसम्म मनाइने छठ पर्वको मुख्य दिन शुक्रबार (हिजो) हो ।शुक्रबार अस्ताउँदो सूर्यलाई साँझ अर्घ्य दिइएको छ र शनिबार (आज) बिहान उदाउँदो सूर्यलाई गाईको दूध, फूल र जलले अर्घ्य दिएपछि यो पर्व समापन हुन्छ ।

## अन्धुवा....

भाषण गरेका थिए । उनले अहिले त्यसबारे बोल्न छोडेका छन् । त्यस्तै स्थानीय तह गठनपूर्व तत्कालीन माओवादीका नगर इन्चार्ज कुवेर श्रेष्ठको संयोजकत्वमा अन्धुवा खोला करिडोर निर्माण पहल समिति गठन भएको थियो । त्यस समितिले करिव १ करोडको योजना सार्वजनिक गर्दै डिपीआर निर्माण गर्न १० लाख रुपैयाँ खर्च गरेको थियो । तर, करिव चार वर्ष बित्न लाग्दा पनि अन्धुवा खोलामा कुनै योजना ल्याइएको छैन । बिर्तामोड नगरपालिकाको करिव पाँच किलोमिटर क्षेत्र भएर अन्धुवा खोला बग्ने गरेको छ । ‘हामीले अन्धुवा खोलाको लागि करिडोर निर्माण गर्न अभियान नै शुरु गरेका थियौं’ श्रेष्ठले भने , ‘ जनप्रतिनिधि आएपछि ठाडो कान लगाएनन्, अनि छोड्नु पर्यो ।’ उनले आफ्नै पहलमा विश्व बैंकलाई करिव २ अर्बको योजना प्रस्ताव पेस गरिएको जानकारी दिए । विश्व बैंकले देशका १७ वटा शहर हरुमा शहरी विकास मन्त्रालयमार्फत लागत अनुदानमा ढल निकासको कार्यक्रम गर्दैछ । त्यसमा बिर्तामोड पनि परेको र डिपिआर निर्माणपछि केही महिनाभित्रै करिडोर निर्माणको काम शुरु हुने उनले बताए ।

# तीन प्रतिभालाई लाल-भागिरथा पुरस्कार

***झापा (प्रस)*** **।** लाल-भागिरथा बानियाँ प्रतिष्ठानले साहित्यकार, कृषक र असल गृहिणी गरी तीन जना प्रतिभालाई पुरस्कृत गर्ने भएको छ ।

झापाको मेचीनगर -११ धाइजनस्थित बानियाँ गाउँमा केन्द्रीय कार्यालय रहेको प्रतिष्ठानले साहित्यतर्फ विशिष्ट योगदान पुऱ्याएका कनकाई -३ निवासी साहित्यकार मित्रप्रसाद दाहाल, अर्ग्यानिक कृषिमा समर्पित मेचीनगर -१४ का कृषक डिल्ली खतिवडा र असल गृहिणी अर्जुनधाराकी यशोदा बराललाई पुरस्कृत गर्ने भएको हो ।

साहित्यकार दाहाललाई ‘लाल भागिरथा बानियाँ उत्कृष्ट प्रतिभा पुरस्कार’, अर्ग्यानिक कृषक खतिवडालाई ‘लाल भागिरथा बानियाँ स्मृति कृषि पुरस्कार’ र गृहिणी बराललाई ‘लाल भागिरथा बानियाँ असल गृहिणी पुरस्कार’ दिने पुरस्कार छनोट समितिले निर्णय गरेको प्रतिष्ठानका अध्यक्ष हरिचरण बानियाँले बताए ।

तीनवटै पुरस्कारको राशि जनही रु. ३१ हजार रहेको छ । पुरस्कार छनोट समितिमा प्रतिष्ठानका अध्यक्ष बानियाँ, यसअघि पुरस्कृत प्रतिभा तथा मेची बहुमुखी क्याम्पस भद्रपुरका निवर्तमान क्याम्पस प्रमुख कमल गुरागाई र नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय सदस्य मोहन काजी रहेका छन् । साहित्यकार दाहालले महाकाब्यलगायतका दर्जनौ कृति प्रकाशित गरिसकेका छन् भने कृषक खतिवडाले अर्ग्यानिक कृषि विज्ञानका क्षेत्रमा नयाँ प्रविधिको प्रयोग गर्दै आएका छन् । गृहिणी बराललले आफ्ना सन्तानलाई असल संस्कार र शिक्षा दिएर सुखी र समृद्ध परिवार निर्माणमा उदाहरणीय योगदान पुऱ्याएकी छन् ।

यही मङ्सिर २० गते प्रतिष्ठानको कार्यालय धाइजनमा पुरस्कार वितरण कार्यक्रमको आयोजना गरिने अध्यक्ष बानियाँले जानकारी दिए ।

प्रतिष्ठानले गत वर्षदेखि स्थानीय प्रतिभाहरुको खोजी गरी पुरस्कृत गर्दै आएको छ । गत वर्ष सामाजिक सेवातर्फ मेची बहुमुखी क्याम्पसका तत्कालीन प्रमुख कमल गुरागाई, कृषि विज्ञानतर्फ भद्रपुर नगरपालिका वडा नं. १० का भीम कुँवर र असल गृहिणीतर्फ मेचीनगर नगरपालिका वडा नं. १० की नीतु सुबेदीलाई पुरस्कृत गरिएको थियो ।

राजनीतिक, शैक्षिक र सहकारी क्षेत्रका झापाका अगुवा व्यक्तित्वका रुपमा परिचित बानियाँ र उनका दाजुभाइहरुले स्वर्गवासी पिता लालबहादुर बानियाँ र माता स्व. भागिरथा बानियाँको स्मृतिमा हरेक वर्ष तीन जना प्रतिभालाई पुरस्कृत गर्ने गरी रु. १० लाखको अक्षयकोष स्थापना गरेका छन् । सोही अक्षयकोषको व्याजबाट प्राप्त हुने रकमबाट पुरस्कार प्रदान गरिदै आएको छ ।

“पूर्वी क्षेत्रको व्यपारिक द्वार, शान्ति र सम्बृद्धिसहितको भद्रपुर सहर”

**भद्रपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भद्रपुर, झापा**
**१ नं. प्रदेश नेपाल**

प्रकाशित मिति: २०७७ मंसिर ०६ गते

भद्रपुर नगरपालिकाभित्र संचालित सामुदायिक विद्यालयहरु (शैक्षिक संस्थाहरु) को आर्थिक वर्ष २०७६/०७७ को अन्तिम परिक्षण गर्ने प्रयोजनका लागि नेपाल चाटर्ड एकाउन्टेन्टस् संस्थाका ईच्छुक दर्तावाला लेखापरिक्षकहरुलाई देहायका प्रमाणपत्र कागजात संलग्न राखि मिति २०७७/०८/१९ भित्र यस कार्यालयमा निवेदन पेश गर्नुहुन अनुरोध छ ।

निवेदन साथ पेश हुनु पर्ने प्रमाण कागजातहरु

१) फर्म दर्ता प्रमाण पत्र र सोको नविकृत निस्साको प्रतिलिपि
२) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

**शान्तिराम भट्टराई**
**निमित्त प्रमुख प्रशासकीय अधिकृत**


पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा
शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु

औषधीको प्रयोग नगरी उपचार

बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुन: यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।




सदैव व्यायाम गरौं, सदैव स्वस्थ रहौं ।

पूर्ण टुङ्ग बिर्ता सीटी हस्पिटल
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८०००० 

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

हाडजोर्नी तथा नशाका समस्याहरुको बिना अप्रेसन सफल उपचार

सफलतापूर्वक उपचार हुने समस्याहरु

ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
वाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका विभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको



सम्पर्क : स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल । । सम्पादक : राजेन्द्र गौतम

## सम्पादकीय

# सकियो छठको रौनक

**दशैं अनि तिहारपछि नेपालीहरूको घरदैलोबाट छठ पर्व विदाइ हुँदैछ। कोरोना कहरका कारण यस वर्ष छठमा त्यति धेरै रौनक भएन।**

**वैदिक सनातन धर्मका सम्पूर्ण पर्व अनि शक्तिहरु प्रकृति अनि पृथ्वीको वरिपरि घुमेका हुन्छन् जसको प्रयोगात्मक महत्व अत्यन्तै वैज्ञानिक रहेका हुन्छन्। छठ पर्व सूर्यदेवको अनुष्ठान हो, हरेक मानवले जन्मदेखि मृत्यूपर्यन्त देख्ने विशालकाय शक्ति अनि ऊर्जाकेन्द्र सूर्यसंगको मानवको सहअस्तित्व छठसंग सांस्कृतिक पृष्ठभूमि जोडिएको छ।**

**तिहारको समापनसंगै छठ पर्वको हर्षोल्लासमय वातावरणले तराई पुलकित भएको छ। षष्ठी तिथिका दिन मनाईने भएकोले यस पर्वको नाम अपभ्रंसित हुँदै छठ भएको विश्वास छ। तराईक्षेत्र केन्द्रित मनाईने छठ पर्व अहिले आएर हिमाल, पहाड अनि तराई सर्वत्र प्रचलित हुँदै आएको छ। सद्भाव अनि भातृत्वको प्रतिक यस पर्वलाई बडो हर्ष अनि उल्लासका साथ नदी, तालतलैया या पोखरीको किनारामा श्रृङ्गारिएर तयार पारिएका घाटहरु, केराका थम्बा, झिलिमिली बत्तिबीच अस्ताउँदो र उदाउँदो दुवै सूर्यको लालीकिरणलाई दूधको अर्घ्य दिएर यो चाड मनाईन्छ। छठको व्रत लिने व्रतालुका घरमा छठमा चढाउनका लागि छिमेकीहरुले दिएका प्रसादहरु जस्तै केराका घोघा, नरिवल, भोगटे अनि अन्य फलफूलहरु ल्याएर राखिदिने चलन छ। यसरी ल्याईएका फलफूलहरुलाई छठको अन्तिम दिन विहानै अर्घ्यस्वरुव उदाँउदो सूर्यलाई देखाएपछि प्रसादस्वरुप घर लैजाने चलन छ। छठको लागि भक्तजनहरुले विभिन्न मनोकांक्षा पुर्ण होस भनेर भाकल राखेका हुन्छन् र त्यही अनुरुप छठमा प्रसादी चढाउने चलन चलिआएको छ। छठ विशुद्धरुपमा एउटा धार्मिक आस्थाको पर्व हो र यसमा जनावर काटमार गर्ने या जीव वली भाकल गर्ने चलन छैन। उदाउँदो र अस्ताउँदो सूर्यलाई अर्घ्य दिंदा प्रकृति र मानवबीचको गहिरो अन्तरसम्बन्धलाई सनातन संस्कारले सदियौंदेखि पुनरपरिभाषित गरिरहेको भान हुन्छ।**

# रिस भनेको विख हो



❖ दिपेन्द्र राउत

रिस मानिसमा हुने स्वभाव हो। रिस हामी धेरैमा देख्ने गर्दछौ। प्रेमले मानिसलाई बाँच्न सिकाउँछ ,अनि रिसले मानिसलाई बाँच्न दिँदैन। रिस मानिसको ठूलो शत्रु हो, रिसले हाम्रो मनलाई छेद विच्छेद गर्दछ। हाम्रो सफलतामा तगारो बनेर उभिन्छ रिस। हाम्रो करियरलाई नै समाप्त पार्दछ रिसले। हाम्रो स्वास्थ्यमा समेत रिसले प्रभाव पार्दछ। रिसले विभिन्न रोगहरु समेत उञ्जाउँछ हाम्रो शरीरमा। रिसले मानिसको बुद्धिको विर्को लगाउँछ भने विवेकलाई खिया लाग्दछ। वाकशक्तिलाई ग्रहण लाग्दछ। पश्चातापमात्र रहन्छ। यो मानवरुपी शरीरमा विभिन्न प्रकारका तत्वहरु छन्। जसले शरीरमा अचानक उत्पादन गर्छ जसले मानिसको स्वभावलाई परिवर्तन गर्दछ। रिस,खुशी,दया, करुणा र दुख हामीले हाम्रो दिमाखमा उत्पादन गर्ने चिज भए। जसले मानिसको स्वभावलाई छिनछिनमा परिवर्तन गर्दछ।

रिसले मानिसको शरीरमा भएको रगत पनि विष बन्ने गर्दछ, त्यसैले रिस उठेको बेलामा महिलाहरुले बच्चालाई स्तनपान गराउनु हुँदैन भनेर समेत भन्ने गर्दछन्।जीवनमा मृत्युले मानिस एकपटक मर्ने गर्दछ तर रिस भएको मानिस जीवनमा पटकपटक मर्ने गर्दछन्। रिसले परिवारलाई तोड्दछ, बाबुछोरा, दाजुभाइबीच झगडा हुन्छ ,सासुवुहारीबीच विवेक समाप्त हुन्छ, सम्वन्ध विग्रन्छ, नाता टुट्छ ,ग्राहक र व्यापारीबीच दुरी बढ्छ। यदि जीवनमा कोही रिसाउँदैन भने ऊ जिउँदै स्वर्ग जान्छ। रिसले मानिसलाई कहिल्यै फाईदा पुग्दैन। रिसले विनास नै गर्दछ। रिसले नाश नै गर्दछ।

हामी स्वर्ग र नर्कको कुरा गर्छौं तर हामीले देखेका छैनौं कि नर्क र स्वर्ग। तर यही जीवनको भोगाइमै स्वर्ग र नर्क रहन्छ। यदि जिन्दगीभर रिस, राग, वैभव राख्छौं भने हाम्रो जीवन नर्कमा हुन्छ। नर्कको तापले पोल्दछ हामीलाई। यदि सबैसंग प्रेम गर्छौं, प्रेमको पथमा हिड्यौं भने सबैप्रति मंगलमैत्री भाव राख्न सक्यौं भने वर्तमान जीवन नै स्वर्ग बन्दछ हाम्रो। भनिन्छ रिसको पनि परिवार हुन्छ। सपरिवार धावा बोल्दछ व्यक्तिमाथि रिसले। केही गुरुहरुले रिसको परिवार हुन्छ भनी व्याख्या गरेका छन्।

परिवारमा सबैको नाम हुन्छ भन्नु भएको छ। रिसको आमाको नाम हो उपेक्षादेवी,घमण्डराम रिसको बाबु हो, जव उपेक्षा र घमण्ड आपसमा मिल्दछ भने रिसको जन्म हुन्छ। रिसको श्रीमती हिंसा, नफरत रिसको साथी ,निन्दा र चुक्ली रिसका छोरीहरु असाध्यै माया गर्छ रिसले, वैर र विरोध दुई छोराहरु हुन्। टाउकोमा टेकाको छ रिसले ,स्वार्थ रिसको ज्वाइँ हो यति ठूलो परिवार छ रिसको। रिस आउँदा एक्लै आउदैन खानदान नै आउँछ हाम्रो शरीरमा। सावधान है साथीहरु ! रिसाहा मानिसहरु शारीरिक र मानसिक रुपमै अस्वस्थ्य हुन्छन्, उनीहरुको भविष्य अन्धकार हुन्छ। जो रिसको गुलाम बन्दछ उसको महिनौंको तप र लाखौंको दान व्यर्थ बन्दछ। त्यसैले जीवनको लक्ष्य रिस हैन, प्रेम र शान्तिलाई बनाऔं। शान्त जीवन सुखको आधार हो। परिवारको स्वर्ग हो। समाजको तागत हो। संसारको सुकुन हो। अरुलाई शान्ति दिनुहोस् तपाईलाई पनि शान्ति मिल्दछ। वुद्धले भनेका छन् मैत्रीभावको अभ्यास गरौं। अरु त सुखी हुन्छन् नै आफू परम सुखी बनिन्छ। व्यवहारमा धोका दिनेहरुलाई वैरभाव नराखौ। मैत्रीभाव राख्न सक्यौं भने यो भन्दा ठूलो पुरुषार्थ कुनै कुरा छैन जिन्दगीमा। रिस वैरभाव मानसिक समस्याको जड हो। यस्ता भाव हामीले हाम्रो जीवनमा नपालौ। तपाई र हाम्रो जीवनको लक्ष्य सम्पत्ति, तागत, शान्ति र प्रेम बनोस्। प्रेम त गरौं एकपटक जीवनलाई गरौं। यदि हामीले जीवनमा प्रेम गर्ने हो भने प्रेम नै पाउँछौं। मानिस किन रिसाउँछ ? के कारणले रिसाउँछ ?यसको उत्तर हामीले आफूले आफैलाई सोधौं।

किनकी हाम्रो शरीरले यसको प्रतिक्रिया देखाईहाल्छ। शरीरमा भएका हर्मोन नै हाम्रो जीवनका लागि विष र अमृत हुन्छन्। हामीले आफूले नै निकाल्ने गर्दछौ विष र अमृत। परिवार आफन्त साथीभाइ सबैसंग प्रेम गरौं। जीवनमा प्रेम गरियो भने प्रेम नै प्राप्त हुन्छ रिस गरियो भने रिस नै प्राप्त हुने गर्दछ। रिस आवेग प्रायः सबैमा भएको देख्छु ,कहिलेकाहीं आफै पनि रिस थाम्न नसकेर तथानाम गर्छु अनि भरेतिर सम्झन्छु थुक्क आफ्नो स्वार्थमा डुवेर किन म बित्थामा रिसाको होला भन्दै मनमनमा गम्छु र अब यसो गर्दिन भनो फेरि कुन दिन छाँटा चल्छ रिस पोखिहाल्छ। आज यसो सम्झेको मनबाट शान्ति गायव भएपछि, स्वार्थ पलाएपछि रिसको राज चल्दो रहेछ। अब मनमा शान्ति पालेर व्यक्तिगत स्वार्थ त्यागेर रिस फाल्न प्रयास गर्छु सबैले यसो गरे सानाठूला तलमाथि घरपरिवार सबैतिर रिसविहीन समाज बन्थ्यो होला। यसो कल्पना गरेको आदरणीय हरिचरण सरले आफ्नो फेसवुक स्टाटसमा लेख्नु भएको छ। भोलि चितामा जल्ने हाम्रो शरीरको आज घमण्ड गर्छ मान्छे। संसार आफ्नो भन्दै हिड्छ तर मर्दा एक्लै मर्छ मान्छे। रिस, राग,लोभ, लालच छाड्न किन सक्दैनन् कोही ? सांसारिक मायाजालले बिलखबन्धनमा पर्छ मान्छे।

हामीले जे रोप्यो त्यहीँ फल्छ, सोहीअनुरुप हामीले हाम्रो जीवनमा प्राप्त गर्दछौ। जति नै ऋुर शत्रु तपाईको हात लागोस् उसलाई कुनै प्रकारको हानी पुर्याउनु हुँदैन। हामीले त्यस्ता दुश्मनलाई भुलेर क्षमा दिनु पर्दछ। यसले हाम्रो संस्कार देखाउँछ।मानिसको जीवन एकबारको चोला हो रिस, राग, वैभव हामीले नपालौं। एक जनाको मृत्युमा मलामी जादै गर्दा हामी महसुस गर्न सक्छौ कि आखिर उसले के पायो। के लिएर गयो। अनि कसलाई खुशी पार्यो। कसलाई दुखी पार्यो। अनि उसले बाँचुन्जेल गरेको रिस, राग, वैभवले उसलाई के नै उपलब्धि गरायो। एकबारको चोलामा जानु छ खोलामा। अन्तिम ठाउँ खोला नै भएको हुँदा किन रिस किन राग किन वैभव। रिसलाई शक्तिमा बदलौं। यदि हाम्रो जीवनलाई शक्तिशाली बनायौं भने हामीले रिसलाई कन्ट्रोल गर्न सक्छौ। जो कमजोर छ उसले कहिल्यै माफ दिदैन, क्षमा दिदैन। जो शक्तिशाली हुन्छ उसैले माफी क्षमा दिन्छ।रिस राग राख्दैन। रिस भनेको विख हो यसको सेवन नगरौ। संयमता अपनाऔं। धैर्यता अपनाऔं। इमानदारीता अपनाऔं। रिस मानिसमा हुने समवेदना हो, जसलाई हामीले सदैव समवेदन भएर लिऔं।



**यदि हाम्रो जीवनलाई शक्तिशाली बनायौं भने हामीले रिसलाई कन्ट्रोल गर्न सक्छौ। जो कमजोर छ उसले कहिल्यै माफ दिदैन, क्षमा दिदैन। जो शक्तिशाली हुन्छ उसैले माफी क्षमा दिन्छ। रिस राग राख्दैन।**

# छठ अर्थतन्त्र



❖ चन्द्रकिशोर

छठ अहिले परम्परा वा सांस्कृतिक पर्वभन्दा सामयिक सरोकारहरूसँग गाँसिएको पाठ र सन्देश सम्झिने अवसर भएको छ। ऐतिहासिक अथवा परिवर्तनशील सामाजिक परिस्थितिहरूका सन्दर्भमा स्थान विशेषको संस्कृति बुझ्नका लागि पहिला त्यसका भौगोलिक एवं पर्यावरणीय विशेषताहरूको उल्लेख वाञ्छनीय हुन्छ। किनकि ऐतिहासिक विकासको प्रक्रियामा भूगोलको विशेष भूमिका हुन्छ। अन्तोनिओ ग्राम्सीको मान्यता छ- भौगोलिक अथवा पर्यावरणीय विशेषताले सांस्कृतिक विशेषताहरूलाई निकै हदसम्म निर्धारित गर्छन्। चीनका गुआन फोङको कथन छ- आबकी नदीको पानी प्रबल वेगवान् छ र घुमाउरो बाटोबाट बग्छ, अतः त्यसको किनारका बासिन्दाहरू लोभी, अपरिष्कृत र युद्धोन्मादी हुने गर्छन्। यसको विपरित चु नदीको पानी मन्द गतिले बग्छ, शुद्ध एवं उर्वरता बढाउने खालको छ, अतः त्यस छेउछाउका बासिन्दाहरू प्रसन्नचित्त, कृतसंकल्प र आत्मज्ञानी हुन्छन्। लोक आस्थाको महापर्व छठ विश्वका विभिन्न भूभागमा मनाउन थालिएको छ। यसको विस्तारसँगै इतर समुदायमा समेत यसको आकर्षण बाक्लिएको छ।

पछिल्ला दशकमा व्यापक रूपमा अन्य समुदाय, क्षेत्र वा महादेशमाझ आफ्नो स्थान बनाउने विश्वका पर्वहरूमध्ये छठ पनि मुख्य हो। केही पर्वको विस्तारका पछाडि कुनै संगठित शक्ति, प्रभावशाली मिडिया रणनीति, चलचित्र वा संसर्गले भूमिका खेलेको हुन्छ। तर, छठको अनुष्ठान आयतन सबै महादेशमा देखा पर्नुको कारण आस्थाप्रतिको आकर्षण हो। यो कुनै योजनाबद्ध यत्नले भएको होइन। यिनै कारणले पनि होला, यो लोकपर्वको मौलिकता आजपर्यन्त अक्षुण्ण रहिआएको छ।

छठसँग जोडिएको रैथाने अर्थतन्त्रसम्बन्धी ज्ञान सांस्कृतिक मुखरताका कारण ओझेल पर्दै आएको छ। अर्थतन्त्रका सन्दर्भमा दुइटा विषय उठान हुन्छन्- छठले विकसित गरेको आर्थिक क्रियाशीलता र छठमा सन्निहित आर्थिक आयाम। यस आलेखमा दोस्रो पक्षमाथि घोत्लिने जमर्को गरिएको छ। कोरोनाकालमा विश्व राजनीतिमै जुन मुद्दा पूर्ण रूपले प्रभावी हुँदै आएका छन् र जसको छेउछाउ अब राजनीतिक विमर्श र तर्क चल्न थालेको छ, ती हुन् गरिबी, जलवायु परिवर्तन, कृषि संकट, सम्पन्न भर्सेज विपन्न देश, विप्रेषण एवं जीविकाका अवसर, आतंकवाद, हिंसा। यो त हामीले भोगिरहेको कटु वर्तमान हो जहाँ पहिला दुनियाँ बजारमा खरिददारीका लागि आउँथ्यो, अब त बजार दुनियाँलाई किन्न निस्किएको छ। उसले पहाड किन्दै छ, जंगलको मोल गर्दै छ, नदी, पोखरी, भूजल, खनिजलगायत सबै थोक उसको खरिददारीको सूचीमा छन्। प्राकृतिक स्रोतहरूको दोहन यसको मूल प्रवृत्ति हो। त्यसैले यो आधुनिक अर्थशास्त्रलाई अनर्थशास्त्र, व्यर्थशास्त्र, स्वार्थशास्त्र र विपत्तिशास्त्र भन्ने गरिएको छ।

हाम्रा पुर्खाहरूले पृथ्वी, अग्नि, जल, वायु र आकाशलाई पञ्च महाभूत मानेका छन्। हामी यीमध्ये एउटैलाई बनाउन सक्दैनौं। तर यी सबैलाई नष्ट गर्ने अभियान तीव्र गतिमा निर्बाध चलिरहेको छ। आधुनिक 'महाभूत' हुन् - व्यवस्थापक, बैंकर, विज्ञापनदाता, बिचौलिया, निर्यातक तथा यातायात व्यवसायी। यसमा अर्को 'भूत' सामेल छ, सरकार। आज जुन पद्धतिबाट प्रकृतिको अहर्निश शोषण हुँदै छ, त्यसलाई स्वीकार गर्ने कि नगर्ने ? अबको आर्थिक पद्धतिमा मान्छे, जनावर, वनस्पति तथा अन्य प्राणीको सम्मानपूर्ण स्थान रहन्छ कि रहँदैन ? 'डेभलपमेन्ट विदाउट टियर्स' जस्तो विवेक सम्भव छैन ? भनिन्छ, एकपटक गान्धीवादी अर्थशास्त्री जेसी कुमारप्पासँग भारतका केन्द्रीय वित्तमन्त्रीले तत्कालीन पञ्चवर्षीय योजनाका सफलताको बखान गरेछन्। कुमारप्पाले खेतमा काम गरिरहेको श्रमिकलाई बोलाएछन् र उसको छातीमा उठेका हड्डीतिर देखाउँदै भनेछन्, 'यिनको अस्थिपञ्जरमा कत्तिको मासु टाँसिएको छ, त्यस आधारमा म कुनै पनि योजनाको सफलताको गणित निकाल्ने गर्छु।' कुमारप्पाको चिन्ता थियो- यस्तो विकासले धनी थप धनी, गरिब झन्झन् गरिब बन्दै जान्छ। नेपालमा पनि व्यापार, उद्योग वा अर्थव्यवस्थामाथि विचार गर्दा सामाजिक प्रश्नहरूलाई सन्दर्भविहीन मानियो, जसका भुक्तभोगी बहुसंख्यक नेपाली छन्।

यन्त्र तीन प्रकारका हुन्छन्। कुनै यन्त्रले समयशक्ति जोगाउँछ, जस्तो- रेल, मोटर, विमान आदि। दोस्रो प्रकारको यन्त्र मनुष्यशक्तिलाई टेवा दिन्छ, जस्तो- खेतीको औजार, सिलाइ मेसिन आदि। तेस्रो प्रकारको यन्त्रले मान्छेको स्थान ओगट्छ। यसका अतिरिक्त संहारक यन्त्र पनि छ। मान्छेलाई उपकरण मान्ने कि नमान्ने ? आर्थिक प्रक्रियामा हिंसाको एक स्वरूप शोषण हो, जसको सोझो तात्पर्य कसैलाई उसको न्यायपूर्ण हिस्साबाट वञ्चित गर्नु हो। निश्चित रूपमा समस्त योजनाहरूको केन्द्रविन्दुमा मान्छे नै हुनुपर्छ। अर्थात्, रोजगारी दिने अर्थरचना अपनाउनु पर्छ। प्राकृतिक स्रोत र साधनको दिगो उपयोगसम्बन्धी व्यवहार मानवीय क्रियाकलाप हो। यसैले प्राकृतिक स्रोत, यसलाई उपयोग गर्ने ज्ञान तथा क्षमता र क्रियाकलापले नै मानवको जीविकोपार्जनको आधार खडा गर्छ। छठ अर्थतन्त्रको मूल पक्ष यही हो।

नेपाली किसानहरूले खेतबारी जोत्न पुर्खौंदेखि प्रयोग गर्दै आएको काठेहलो अहिले लोपोन्मुख छ। उत्पादन बढाउने नाममा किसानहरू 'हाइब्रिड' बीउतिर लागेपछि रैथाने बीउहरू लोप भए। रैथाने जातका बोटबिरुवा लहलहाउने गाउँबेसी र मधेसका फाँटहरूलाई विदेशी ठिमाहाले ओगट्न थालेका छन्। पहिला आफैं बीउ संरक्षण गर्ने किसानहरू विदेशी विकासे बीउप्रति तानिएसँगै रासायनिक मलखादको खपत पनि ह्वात्तै बढ्यो। यसरी कृषिकर्ममा भित्रिएको 'नयाँ जमाना' को रमझमबाहिरको अँध्यारोमुनि किसानहरूको जीवन पिल्सिँदै गएको छ। मुनाफाखोर प्रवृत्तिले खेतीलाई पनि छाडेन। किसानहरू त्यसको चंगुलमा फसिसकेका छन्। नयाँ प्रविधि, नयाँ बीउ, विदेशी मल र विषादीले खेत र खेतीको जीवनमा प्रतिकूल असर पारेको छ।

नेपालमा औद्योगिक क्रान्ति आएन, कारखानाहरू खुल्दै र बन्द हुँदै गरे तर अठारौं शताब्दीको औद्योगिक क्रान्तिको समयमा जसरी बेलायतका गाउँगाउँ उजाड हुँदै गए, गाउँलेहरू सहरतिर ओइरिए, त्यसैगरी हाम्रा गाउँ-देहात रित्तिए। र, यो विकसित अर्थरचनाले, डेभिड ग्रेबरले 'अकुपाई वालस्ट्रिट मुभमेन्ट' का दौरान भने झैं, ९९ प्रतिशत भर्सेज १ प्रतिशतको स्थिति निम्तायो। मुट्ठीभर मान्छेहरूले अहिलेका विकासको प्रतिफलमाथि कब्जा जमाए। आधुनिक खेती प्रणालीले मानिसको स्वास्थ्यलाई अहित गर्‍यो। पुँजीवादले किसानलाई टोक्यो। अहिलेको कम्युनिस्ट सत्ताले किसानलाई झन् हेप्यो। त्यसैले नेपाललाई बचाउन पहिले खेती र गाउँहरू बचाउनु आवश्यक छ।

विकासको अहिलेको परिभाषामाथि बहस चलाउन र नेपालका सबै कुनाबाट आवाज उठाउन अब ढिला गर्नु हुँदैन। छठले त्यो अवसर दिएको छ। छठले 'स्थानीयता' लाई सबल, सार्थक र सशक्त ढंगले उजागर गर्छ। यसले अहिंस्रक अर्थव्यवस्थाको रूपरेखा कोर्छ। खेती त मानिसको अहिंसातर्फको पहिलो यात्रा थियो। त्यसपूर्व आहार आखेटबाट प्राप्त हुन्थ्यो। रासायनिक खेतीमा हिंसा छ। छठमा यसको अहिंसात्मक अर्थस्वरूप, विभेदरहित प्रक्रिया र लोकपक्षको उपस्थितिमा अध्यात्म मात्र छैन, अर्थतन्त्रको दर्शन पनि छ। छठ यस्तो सामाजिक अनुष्ठानको अवसर हो जहाँ पानीमाथिको बलमिच्याइँमा रोक, प्रकृतिसँग साहचर्य गर्ने पथ र शपथ दुवै छ। छठ पूजा घाटमा ओर्लिएको भीड त्यसबखत नदीको जल प्रदूषित गर्नबाट जोगिन्छ।


चोयाका नाङ्ला, टोकरी, माटाका भाँडाको साइनो ग्रामीण उद्यमसँग छ। उखु, कागती, सुठुनी, केरा, हल्दी, नरिवल, सिंगडा, अदुवाको पनि छठमा प्रयोग हुन्छ। गुड, चामल र गहुँको पीठोले बनेको ठेकुआ र कसार समाजको प्रत्येक वर्गसँग जोडिएको छ। जतिसुकै धनाढ्य होस्, कम्तीमा पाँच घरमा भिक्षाटन गरेर प्रसादको प्रबन्ध गर्ने परम्परामा पारस्परिकता लुकेको छ। लोकजीवनको यस बृहत् उत्सवका लागि जेजति सामग्री संकलन गरिन्छन्, ती सबै कृषिमा आधारित छन्। अर्थव्यवस्था एक सांस्थानिक र सांगठनिक प्रक्रिया हो, केवल वैयक्तिक आचरण होइन। के अहिंस्रक उत्पादन सम्बन्धका लागि अहिंस्रक उत्पादन शक्तिहरूको कुनै व्यावहारिक सम्भावना हुन सक्छ ? यसका लागि छठको अर्थ-मन्थन जरुरी छ। आखिर शुमाखरले 'सानो नै सुन्दर' आर्थिक परिकल्पनाभित्र जुन चतुर्सूत्री योजना प्रस्तुत गरेका छन्, छठको आर्थिक संसार पनि त्यही हो। स्थानीयताको संरक्षणलाई लिएर छठ पर्व एक सांस्कृतिक समाधानको नाम हो। स्थानीयता चिन्तनको सांस्कृतिक पक्षबारे यसले अवगत गराउँछ, जुन छठ अर्थतन्त्रको झिल्को हो।



# कोरोनाले छेकेन छठ पर्वको उल्लास


झापा गाउँपालिकाको सानो माई नदीमा अस्ताउँदो सुर्यलाई अर्घ्य दिँदै व्रतालुहरु


झापा गाउँपालिकामा छठ पर्वमा मेला लाग्ने गरेकोमा यसवर्ष भक्तालु कम उपस्थित भए ।


आँगनमा कुण्ड बनाएर पुजा गर्दै भद्रपुरका व्रतालु


गौरीगञ्जको गेउरिया खोलामा सामुहिक छठ पुजा



मेची नदीमा यस वर्ष पनि भक्ताल्को बाक्लो उपस्थिति


बिर्तामोड ३ स्थित बिर्ताबजारमा छठ पुजा


गौरीगञ्जको गेउरिया खोलामा अर्घ्य चढाउँदै


मेची नदीमा पण्डाल सहितको छठ पुजा

तस्बिरहरुः मनिषा चम्लागाईं , बरत राजवंशी, सन्तोष अग्रवाल र आत्माराम राजवंशी


## स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सन्देश

**चाडपर्वको बेला खरीद गर्दा विचार गर्नुपर्ने कुराहरुः**

- सकभर अनलाईन सेवाबाट सामग्री खरीद गरौं,
- सामग्री खरीद गर्न घरबाट बाहिर निस्कन परेमा अनिवार्य रुपमा मास्कको सहि तरिकाले प्रयोग गरौं,
- दैनिक उपभोग्य सामानहरु नजिकैको पसलबाट खरीद गरौं, भीड नभएको बेला पारेर जाने गरौं,
- पसलमै गएर किनमेल गर्दा अनिवार्यरुपमा मास्कको सहि तरिकाले प्रयोग गर्नुका साथै भौतिक दुरी कायम गरौं,
- किनमेल गर्नु अघि र गरिसकेपछि साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग अनिवार्यरुपमा गरौं,
- किनमेल गरेर घरमा प्रवेश गर्दा राम्रो सँग २० सेकेन्ड सम्म मिचीमिची साबुनपानीले हात धोऔं,
- सम्भव भएसम्म दैनिक उपभोग्य सामग्रीहरु १ हप्ताको लागि पुग्ने गरी किनौं,
- भुक्तानी गर्दा विद्युतीय पद्धतिरकार्डहरु प्रयोग गरेर भुक्तानी गरौं,
- सकभर खुद्रा पैसा लिएर किनमेल गर्न जाऔं,
- बाहिरबाट आएपश्चात कसभर नुहाउने, सम्भव नभए हात, मुख र गोडाहरु राम्रोसँग साबुन पानीले मिचीमिची धोऔं,
- लामो समय र भीडभाडमा बाहिर जाँदा लगाएका कपडाहरु छुट्टै राख्ने र धोए पछि पुनः प्रयोग गर्ने गरौं,
- कामका सिलसिलामा नियमित बाहिर गईरहनु पर्ने व्यक्तिहरु घरमा बस्ने परिवारका सदस्यहरुसँग सकेसम्म न्युनतम भौतिक दुरी कायम गर्ने गरौं,
- आफुले प्रयोग गर्ने सवारी साधनको बढी प्रयोग हुने ठाउँहरु नियमितरुपले क्लोरिन घोल वा स्यानिटाइजरले सफा गरौं,

**व्यापारी वर्गहरुमा समेत विशेष अनुरोध**

- पसलहरु बिहान सबेरैदेखि अबेरसम्म खुल्ला राखौं, यसले गर्दा सेवाग्राहीहरु फरक फरक समयमा आई खरिद गर्न सक्ने हुँदा भीडभाड कम गर्न मद्दत पुग्नेछ ।
- पसलमा आउने सबै ग्राहकहरुलाई मास्क सहि तरिकाले प्रयोग गर्न, भौतिक दुरी, हातको सरसफाई गर्न प्रोत्साहित गर्ने र सो सम्बन्धि जानकारी सबैले देख्ने ठाउँहरुमा राखौं ।

**कोभिड–१९ बाट आफू बचौं र अरुलाई पनि बचाऔं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**
सञ्चारग्राम, काठमाडौं ।



प्रतिदिन

## वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

3D BOARD
-2D Board
-Flex Print
-Sticker
Decoration
बिचित्र डिजाईन
दमक–८, पलेटी रेष्टुरेन्टसँगै
९८६२१७८११४, ९८१०१७१६१६

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

Rays Design & Print
Creation Illustration Print Production
{भनेजस्तै डिजाइन}
PH: 023 546 145 | 9816 024 944
Birtamode,Jhapa
E-mail: sendemail2rays@gmail.com
www.raysdesign.com

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४


## राशिफल

**मेष** : आज मित्र वा आफन्तबाट सहयोग मिल्नेछ । भूमिबाटपनि लाभलिन सकिनेछ ।
**वृष** : वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । नयाँ अवसर आउनाले मन प्रसन्न रहनेछ ।
**मिथुन** : धार्मिक महत्त्वको क्षेत्रमा भ्रमण हुनसक्छ । अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ।
**कर्कट** : आज धर्म,कर्म, परोपकार तथा समाजसेवामा मन लाग्नेछ । नयाँ काम वा रोजगारको अवसर मिल्नेछ।
**सिंह** : आज आकस्मिक लाभ प्राप्त हुने सम्भावना छ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ ।
**कन्या** : आज कठोर परिश्रम गर्नुपर्ने समय छ । अनवास्यक र दैनिक व्यवहारमा खर्च बढ्न सक्छ।
**तुला** : आज कतै घुम्न जाने योजना बन्न सक्छ । बोलीको भरमा कार्य सम्पादन हुनेछ ।
**वृश्चिक** : दौडधूप गर्नु परेपनि लाभ नै हुनेछ । रमाइलो यात्राको योग रहेको छ।
**धनु** : आँटेको काममा सफलता नमिल्न सक्छ । प्रेमी तथा प्रेमिकाको भाषा परिवर्तनले मनमा दुविधा उत्पन्न हुन सक्नेछ।
**मकर** : परदेशमा रहेका आफन्तजनसँग सम्बन्ध कायम हुनेछ । वैदेशिक कार्य अघी बढ्नेछ ।
**कुम्भ** : आज विद्या र बुद्धिको विकास हुनेछ । अतिथिको रूपमा सत्कार पाइएला ।
**मीन** : पुराना मित्रजन सँग भेटघाट हुनेछ ।